प्रदेश सरकार
युवा तथा खेलकूद मन्त्रालय
गण्डकी प्रदेश, पोखराको

दरखास्त आह्वान गरिएको सूचना
प्रथम पटक प्रकाशित मिति २०७९।०९।०६ गते)

गण्डकी प्रदेश सरकार युवा तथा खेलकुद मन्त्रालय अन्तर्गत रहेको प्रदेश खेलकुद विकास ऐन २०७७ को दफा १७ ( १ ) को व्यवस्था बमोजिम गण्डकी प्रदेश खेलकुद परिषदको कार्यकारी प्रमुखको रुपमा काम गर्न १ जना सदस्य सचिव नियुक्तिको सिफारिसका लागि तपसिलका न्यूनतम योग्यता पुगेका ३० वर्ष उमेर पुरा भई ६० वर्ष ननाघेका ईच्छुक नेपाली नागरिकहरुले देहायका स्वयमले प्रमाणित गरेका कागजात सहित यो सूचना प्रकाशित मितिले ७ दिन भित्र यस मन्त्रालयमा दरखास्त दिनुहुन जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र.स. | विषय | विषय विस्तृतीकरण |
|---|---|---|
| १ | शैक्षिक योग्यता | व्यवस्थापन, मानविकी, शिक्षा, कानून आदी विषयमा कम्तिमा स्नातक तह उर्तीण गरेको । माथिल्लो शैक्षिक योग्यतालाई ग्राह्यता हुनेछ । |
| २ | गण्डकी प्रदेशमा खेलकुद विकास सम्वन्धी कार्ययोजना | गण्डकी प्रदेशमा खेलकुद विकास सम्वन्धी कार्ययोजनाका न्यूनतम विषयहरुः- पृष्ठभूमि तथा उद्देश्य, नीति तथा रणनीति, संगठन तथा व्यवस्थापन, खेलकुदको विकास समवन्धी कार्ययोजना, श्रोत साधनको दिगो परिचालन तथा व्यवस्थापन, समन्वय र सहकार्य, कार्यक्रम कार्यान्वयन योजना । |
| ३ | नेपाली नागरिकताको प्रमाणपत्र | गण्डकी प्रदेशभित्रको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी |
| ४ | अनुभव | ४.१ नेपाल सरकारको वा कुनै संगठित संस्थामा अधिकृत वा सो सरहको कार्य अनुभव भएमा सो सँग सम्वन्धित कागजपत्रको प्रमाणित प्रतिलिपी ।<br>४.२ लेखा/आर्थिक तथा कानूनसँग सम्वन्धित ज्ञान वा अनुभव भएमा सोको प्रमाणित प्रतिलिपी ।<br>४.३ नेपाल सरकार/प्रदेश सरकारको कुनै निकाय वा राष्ट्रिय खेलकूद परिषदद्वारा आयोजित कुनै पनि खेलको राष्ट्रिय प्रतियोगिता/अन्तर्राष्ट्रिय प्रतियोगितामा भाग लिएको र खेलकुद क्षेत्रमा योगदान पुर्‍याएको प्रमाणहरुको प्रतिलिपी । |
| ५ | अन्य | नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको, भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिएको, कुनै विदेशी राष्ट्रको स्थायी आवासीय अनुमती पत्र नलिएको वा त्यस्तो अनुमति पत्र प्राप्तको लागि निवेदन नदिएको, कुनै पनि राजनीतिक दलको सदस्यता लिई कार्यकारी पदमा नरहेको हुनुपर्नेछ । |
| ६ | कार्य योजना प्रस्तुतीकरण र अन्तरवार्ता | दरखास्त पेश गर्ने अन्तिम दिनको भोली पल्ट विहान १० बजेदेखि यस मन्त्रालयमा सञ्चालन हुनेछ । |